आज मिति २०८२।०८।१७ गते बुधबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं<br>३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित, वरिष्ठ लेखा अधिकृत, आठौं
२. राजेन्द्र बहादुर रोकाया, प्रशासन सहायक
३. विपना सूर्यवंशी, सहायक लेखा अधिकृत

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चितवन कुरिनटार, बागमती प्रदेश, नेपाल

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ६३

अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष

बैठक मितिः २०८२।०८।१७

बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समयः विहान १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०८।१७ | १०:०० बजे | विभिन्न व्यक्ति, क्लब, समिति तथा संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १ |
| २०८२।०८।१७ | १०:०५ बजे | सम्भाव्यता अध्ययनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८२।०८।१७ | १०:१० बजे | म्याद समाप्त भएका खोलानालाहरुको IEE गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |
| २०८२।०८।१७ | १०:१५ बजे | हिउँदे गाउँसभा सञ्चालन सम्बन्धमा। | प्रशासन शाखा | ४ |
| २०८२।०८।१७ | १०:२० बजे | आ.व. २०८२।०८३ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २०८२।०८।१७ | १०:२५ बजे | गाउँ कार्यपालिकाको क्षेत्राधिकार भित्र रही विभिन्न कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा। | न्यायिक शाखा | ६ |
| २०८२।०८।१७ | १०:३० बजे | ऊर्जा विकास उपसमिति गठन गर्ने सम्बन्धमा। | न्यायिक शाखा | ७ |
| २०८२।०८।१७ | १०:३५ बजे | विपन्न चेपाङ आवास कार्यक्रमको लागि लाभग्राहीको नामावली स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ८ |
| २०८२।०८।१७ | १०:४० बजे | विद्यालय कर्मचारी (विद्यालय/लेखा सहायक) र बालविकास सहजकर्ता (ECD) पदपूर्ति पाठ्यक्रमको स्वीकृत गर्ने र बालविकास सहजकर्ताको दरवन्दी मिलान सम्बन्धमा । | शिक्षा शाखा | ९ |
| २०८२।०८।१७ | १०:४५ बजे | बजेट शिर्षक संशोधन सम्बन्धमा। | पशु विकास शाखा | १० |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

<u>पूर्व बैठकको समीक्षा</u>

मिति २०८२।०७।३० मा बसेको ६२ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

<u>मिति २०८२।०८।१७ मा बसेको ६३ औं कार्यपालिका बैठकको निर्णयहरु:</u>

<u>निर्णय नं.१:</u> विभिन्न व्यक्ति, क्लब, समिति तथा संस्थाहरुलाई तपसिलमा उल्लेख भएबमोजिम आर्थिक सहायता उपलब्ध गराउने।

<u>तपसिल:</u>

(क) ४ नं.वडामा रहेको बकुल्लहरी युवा क्लबले २०८२ साल मंसिर २७ गते बकुल्लहरी मन्दिर मन्दिर परिसर लेवाटारमा आयोजना गर्न लागेको धान्य पूर्णिमा मेला तथा बृहत साँस्कृतिक कार्यक्रम (वाहा जात्रा) को लागि प्राप्त बिल भर्पाईका आधारमा भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट खर्च लेख्ने गरी बढिमा रु. १,००,०००।- (अक्षरेपि एक लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने।

(ख) भारतको गोवामा हुन लागेको SKIA INTERNATIONAL KARATE CHAMPIONSHIP 2025 मा नेपाल सितोरियो कराँते डो.सङ्घबाट सहभागी हुने १८ खेलाडीहरुमध्ये यस गाउँपालिकाको २ नं. वडाका विवेक गुरुङ पनि छनौट हुनुभएकोले निजलाई खेलमा सहभागी हुन जानको लागि आर्थिक सहयोग बापत रु. १५,०००।- (अक्षरेपि पन्ध्र हजार मात्र) अध्यक्षसँग यूवा, खेलकुद तथा सीप विकास कार्यक्रम शिर्षकबाट खर्च लेख्ने गरी उपलब्ध गराउने।

(ग) ७ नं. वडा स्थित कापेमा रहेको सिमला माई मन्दिरमा धार्मिक परम्परा अनुसार मिति २०८२।०८।२२ गते बेलुका विविध साँस्कृतिक कार्यक्रम तथा भोलिपल्ट २३ गते निम पुजा गरिने भएकोले उक्त कार्यक्रमलाई प्राप्त बिल भर्पाईका आधारमा रु. २०,०००।- (अक्षरेपि बीस हजार मात्र) भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट खर्च लेख्ने गरी आर्थिक सहयोग उपलब्ध गराउने।

<u>निर्णय नं.२:</u> (क) शहिद लखन गाउँपालिका, गोरखाको च.नं. ६९४, मिति २०८२।०८।०४ गतेको प्राप्त पत्र मार्फत इच्छाकामना गाउँपालिकाको ४ नं. वडा स्थित लेवाटारमा रहेको कि.नं.३१ को जग्गा देखि शहिद लखन गाउँपालिकाको ४ नं. वडा स्थित ठेउवाटार, आँपचौरमा रहेको कि.नं. ३१ को जग्गासम्म त्रिशुली नदि माथि "RIDING A HAMSTER WHEEL IN THE SKY" नामक परियोजना सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न सहजीकरणको लागि अनुरोध भई आएकोले सम्भाव्यता अध्ययन गर्न स्वीकृति प्रदान गर्ने।

(ख) यस गाउँपालिकाको ६ नं. वडा स्थित जलविरे झरना (लामो झरना) मा जिपलाइन, क्यानोइनिङ, रकक्लाईमिङ सहित क्याफे रेष्टुरेन्ट सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न अनुरोध भई आएकोले इच्छाकामना एड्भेन्चर कम्पनी प्रा.लि. इच्छाकामना-६, चितवनलाई सम्भाव्यता अध्ययन गर्न स्वीकृति प्रदान गर्ने।

<u>निर्णय नं.३:</u> यस गाउँपालिका क्षेत्रभित्र रहेका नदि तथा खोलाको बगरमा जम्मा भएर रहेको नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण गरी गाउँपालिकाको आन्तरिक आयको लक्ष्य पुरा गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को म्याद समाप्त भएका तपसिलमा उल्लिखित नदि तथा खोला बगरको IEE गर्न प्रक्रिया अगाडी बढाउने।

<u>तपसिल:</u>

(क) रिग्दी खोला बगर, वडा नं. ६
(ख) त्रिशुली नदि तथा सोता बगर, वडा नं. ४
(ग) खगेरी खोला बगर, सिमलढाप खोला बगर, रानी भोटी खोला बगर, वडा नं. ७

<u>निर्णय नं.४:</u> आ.व. २०८२।०८३ को हिउँदे गाउँसभा (१८ औं गाउँसभा) मिति २०८२।०९।०९ गते बुधबारका दिन विहान ११:०० बजे गाउँ कार्यपालिकाको कार्यालयको सभाहल कुरिनटारमा बस्ने गरी आह्वान गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

**निर्णय नं.५:** आ.व. २०८२।०८३ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२।०८।२९ गते सोमबारका दिन दिनको १:०० बजे २नं. वडाको घुर्केशमा सञ्चालन गर्ने।

**निर्णय नं.६:** इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको क्षेत्राधिकारभित्र रही तपसिलमा उल्लिखित कार्यविधिहरु स्वीकृत गर्ने।

तपसिल:

(क) इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८२ स्वीकृत गर्ने।

(ख) इच्छाकामना गाउँपालिका ऊर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने।

**निर्णय नं.७:** इच्छाकामना गाउँपालिका ऊर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ को परिच्छेद-२ को दफा ३ बमोजिम देहायका पदाधिकारीहरु रहेको उर्जा विकास उपसमिति गठन गर्ने।

देहाय:

(अ) श्री लक्ष्मण चेपाङ, वडा अध्यक्ष ६ नं. वडा - संयोजक
(आ) श्री परिमाया कामी, कार्यपालिका सदस्य ६ नं. वडा - सदस्य
(इ) श्री आकाश चेपाङ, वडा सदस्य ५ नं. वडा - सदस्य
(ई) श्री बुद्धिमान गुरुङ, वडा सदस्य २ नं. वडा - सदस्य
(उ) श्री भुपेन्द्र चेपाङ, ६ नं. वडा - सदस्य

संरक्षक

- श्री माया सिलवाल, गाउँपालिका उपाध्यक्ष
- श्री चन्द्रकान्त बस्नेत, प्रमुख प्रशासकीय अधिकृत
- श्री रुद्र प्रसाद उप्रेती, भौतिक पूर्वाधार विकास समिति संयोजक

**निर्णय नं.८:** आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको विपन्न चेपाङ आवास कार्यक्रम सञ्चालनको लागि तपसिलमा उल्लिखित लाभग्राहीहरुको नाम स्वीकृत गरी कार्यक्रम कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने।

तपसिल:

| क्र.सं. | लाभग्राहीको नाम, थर | ना.प्र.प.नं. | बाबु/पतिको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृष्ण बहादुर प्रजा | | कुलमान प्रजा | ७ | |
| २ | भिम बहादुर चेपाङ | ५८३/०६४ | कान्छा चेपाङ | ६ | |
| ३ | सागर चेपाङ | ३५३०१७/७८ | डम्बर बहादुर चेपाङ्ग | ६ | |
| ४ | माधव चेपाङ | ३५३०२१/१०० | दिल बहादुर प्रजा | १ | |
| ५ | विष्णु प्रजा | ३५-१७-७५-०००३३ | | २ | |
| ६ | खिमलाल चेपाङ | ३५-०१-८१-०३६०६ | खीर बहादुर चेपाङ | २ | |
| ७ | सोम बहादुर चेपाङ | ३५१०१७/१५३ | कमन चेपाङ | १ | |
| ८ | बुद्धिलाल चेपाङ | १०१४/९४६ | शुभ सिं चेपाङ | १ | |
| ९ | सुर्य लाल चेपाङ | ३५१०१७/३०८ | ठूले चेपाङ | १ | |
| १० | विरे चेपाङ | ०३८३८९ | दिल बहादुर चेपाङ | ६ | |

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन

<u>निर्णय नं.९:</u> इच्छाकामना गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा रिक्त रहने विद्यालय कर्मचारी (विद्यालय/लेखा सहायक) र बालविकास सहजकर्ता (ECD) पदपूर्तिको लागि शिक्षा, यूवा तथा खेलकुद शाखाबाट पेश हुन आएको पाठ्यक्रम स्वीकृत गर्ने, साथै श्री राष्ट्रिय आधारभुत बिद्यालय (१÷८) इ.गा.पा.-२,मायाँटारमा ४ (चार) जना बालविकास सहजकर्ता दरबन्दी सहित कामकाजमा रहेकोमा १ (एक) जना बालविकास सहजकर्ताको दरबन्दी श्री राष्ट्रिय आधारभुत विद्यालय वल्याङ(१÷८), इ. गा. पा. -२, मा मिलान गर्ने ।

<u>निर्णय नं.१०:</u> यस गाउँपालिकाको आ.व. २०७२।०७३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सशर्त अनुदान तर्फको २ वटा कार्यक्रमको शिर्षक एउटै पर्न भएकोले तपसिलमा उल्लेख भएअनुसार संशोधनको लागि सम्वन्धित प्रदेश मन्त्रालयमा पत्राचार गर्ने।

<u>तपसिलः</u>

| क्र.सं. | हाल भएको बजेट शिर्षक | संशोधन गरी कायम हुनुपर्ने बजेट शिर्षक | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १ | (३१२) २.७.१५.८१५ भैसी पालन प्रवर्द्धन कार्यक्रम इच्छाकामना ४ | (३१२) २.७.१५.८१५ पशुपालन प्रवर्द्धन कार्यक्रम इच्छाकामना ४ | दुईवटा कार्यक्रमको शिर्षक एउटै पर्न गएकोले |

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष